आज मिति २०८२/१२/११ गते कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर पुनको अध्यक्षतामा र देहायका अन्य सहभागीहरुको उपस्थितिमा यस गाउँपालिकाको १८ औं गाउँसभाको दोस्रो बैठक सम्पन्न भयो।

देहायः

उपस्थितिः

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दुर्गा वहादुर पुन | अध्यक्ष | | |
| २ | प्रकाश भरारी | उपाध्यक्ष | | |
| ३ | वालाराम खडका | वडा अध्यक्ष, वडा नं१ | | |
| ४ | झुप सिं राना | वडा सदस्य, वडा नं१ | | |
| ५ | भिम वहादुर घर्ती | वडा सदस्य, वडा नं१ | भिम ब. | |
| ६ | अनिता पुन | महिला वडा सदस्य, वडानं १ | | |
| ७ | रेवती सुनार | दलित महिला सदस्य,वडानं १ | रेवती | |
| ८ | इश्वर बुढा | वडा अध्यक्ष वडा नं२ | | |
| ९ | चन्द्रलाल वलीक्षेत्री | वडा सदस्य, वडा नं२ | चन्द्रलाल | |
| १० | झक्कु प्रसाद सिरिस | वडा सदस्य, वडा नं२ | | |
| ११ | दिलसरी पुन | महिला वडा सदस्य, वडानं २ | | |
| १२ | हरिकला सुनार | दलित महिला सदस्य, वडानं २ | हरिकला | |
| १३ | प्रदिप खड्का | वडा अध्यक्ष, वडा नं३ | | |

| | | | | |
|---|---|---|---|---|
| १४ | तिलक बहादुर सिंहठकुरी | वडा सदस्य, वडा नं ३ | [signature] | |
| १५ | टेक बहादुर पुन | वडा सदस्य, वडा नं ३ | [signature] | |
| १६ | राधिका यरी | महिला सदस्य, वडा नं३ | [signature] | |
| १७ | निमा कुमारी सुनार | दलित महिला सदस्य, वडानं ३ | निमा | |
| १८ | मित्रलाल कठायत | वडा अध्यक्ष, वडा नं ४ | [signature] | |
| १९ | दिपक पुन | वडा सदस्य, वडा नं ४ | [signature] | |
| २० | रेशम चन्द ठकुरी | वडा सदस्य, वडा नं ४ | [signature] | |
| २१ | होम कुमारी बुढा मगर | महिला वडा सदस्य, वडानं ४ | | |
| २२ | मंगली वि.क | दलित महिलासदस्य, वडा नं ४ | | |
| २३ | होमबहादुर खड्का | वडा अध्यक्ष, वडा नं ५ | [signature] | |
| २४ | प्रताप सिं कवर | वडा सदस्य, वडा नं५ | [signature] | |
| २५ | अमर बहादुर राना | वडा सदस्य, वडा नं५ | [signature] | |
| २६ | तिला बुढाथोकी रोका | महिला वडा सदस्य, वडानं ५ | [signature] | |
| २७ | टिका नेपाली | दलित महिला सदस्य,वडानं ५ | टिका | |
| २८ | श्याम कृष्ण वोहरा | वडा अध्यक्ष, वडा नं ६ | [signature] | |
| २९ | गंगा राम महतारा | वडा सदस्य, वडा नं६ | [signature] | |
| ३० | पूर्ण सिं बोहरा | वडा सदस्य, वडा | | |

| | | | | |
|---|---|---|---|---|
| | | नं६ | | |
| ३१ | शान्ती राना | महिला वडा सदस्य, वडानं ६ | | |
| ३२ | रामकली दमाई | दलित महिला सदस्य,वडानं ६ | रामकली | |
| ३३ | तिला कुमारी कामी | कार्यपालिका सदस्य | तिला | |
| ३४ | विमल कामी | कार्यपालिका सदस्य | | |
| ३५ | दिनेश पौडेल | सचिव, प्रमुखप्रशासकीय अधिकृत | | |
| ३६ | गेहेन्द्र के.सी. | जिल्ला समन्वय | | |
| ३७ | हिरा कुमारी ओली | म.वि.नि | | |
| ३८ | अरुणा भण्डारी | प.स्वा.अ | | |
| ३९ | सिता बुढाथोकी | ना.प्रा.स | सिता | |
| ४० | दुर्गा पोखरेल | ज.स्वा.अ. | | |
| ४१ | डा. विनिता के.सी. | प.वि.अ | | |
| ४२ | विपना बुढामगर | रोजगार संयोजक | | |
| ४३ | बल कुमारी पुन | उ.वि.स. | | |
| ४४ | दिपा सैन | पोषण सहजकर्ता | | |
| ४५ | जसुता सिंह | हि.अ.नं.मी. | | |
| ४६ | टिका कुमारी राई | कृषि प्राविधिक | | |
| ४७ | लीला शर्मा | सि.अ.न.मि.नि | | |
| ४८ | भिम बहादुर रेग्मी | नायब सुब्बा | | |
| ४९ | डोलाराम वली | को.के. | | |
| ५० | केशर बि. खड्का | को.के. | | |
| ५१ | रोशनी बुढा | उ.वि.स | | |
| ५२ | टिका वली | अ.न.ह.व | | |
| ५३ | मनिका के.सी. | सि.अ.हे.व | | |
| ५४ | चाँदनी वली | अ.न.मी. | | |

| | | | | |
|---|---|---|---|---|
| ५५ | दुर्गा दामी | गाउँपालिका | | |
| ५६. | विशाल नेपाली | ल्याब अ | | |
| ५७ | पारस शर्मा | म.सि.का अधिकृत | | |
| ५८ | तारादेवी जैन | को.भ. | | |
| ५९ | मायादेवी बुढाथोकी | " | | |
| ६० | बालिका सेन | " | | |
| ६१ | सुनप्रसाद खत्री | | सुनप्रसाद | |
| ६२ | देवा बुढाथोकी | " | | |
| ६३ | आकाश बुढा मगर | का०स० | | |
| ६४ | विष्णु प्रसाद आचार्य | ओ०अ | | |
| ६५ | भानु भक्त खत्री | खु.प्र.अ. | | |
| ६६ | हुकुम बली | | | |
| ६७ | सुवर्ण बुढा मगर | MIS operator | | |
| ६८ | गोविन्द खड्का | कृ.वि.अ | | |
| ६९ | कलावती नेपाल | स.क. | | |
| ७० | हेमराज के.सी. | पशु स्वास्थ्य अधिकृत | | |
| ७१. | इन्दुश्री शर्मा | कम्प्युटर अपरेटर | | |
| ७२. | सुवास [illegible] | लेखा सहायक | | |
| ७३. | सुरेन्द्र पुरी | सब-इन्जिनियर | | |
| ७४ | प्रकाश बुढा मगर | अ० स० ई० | | |
| ७५ | नन्दलाल महतारा | हे०अ०चा० | | |
| ७६ | दिनेश साह | ई. | | |
| ७७ | कमल महतारा | P.S.C | | |
| ७८ | होतराम बली | का०स० | होतराम | |
| ७९ | लोकेन्द्र [illegible] | ना.अ | | |
| ८० | कुमार सिं डिसी | को०स | | |

मिति २०८२/१२/११ गते दिनको ११ बजे कपुरकोट गाउँपालिकाको सभाहलमा सञ्चालित कपुरकोट गाउँपालिका, गाउँसभा, १८ औं अधिवेशनको दोस्रो बैठकमा निर्णयार्थ प्रस्तावित विषय तथा बैठकवाट पारित निर्णयहरु:

प्रस्ताव नं.१

प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने कार्यसूची अनुमोदन सम्वन्धमा।

निर्णय नं.१.

सभाका सचिव श्री दिनेश पौडेलले सभाको वैठक वस्ने समयभन्दा २४ घण्टापूर्व सूचित गरेको तथा गाउँसभाको सुभारम्भमा पेश गर्नु भएको अनुसूची-१मा उल्लेखित प्रस्तावहरुको विषयमा सभाका सचिव मार्फत सभालाई जानकारी भई सर्वसम्मतले कार्यसूची अनुसारका प्रस्तावहरु गाउँसभामा पेश गर्ने स्वीकृति प्रदान गरियो।

प्रस्ताव नं.२

लेखा समितिको वेरुजु फछ्र्यौट सम्वन्धी प्रतिवेदन र नियमति गर्नु पर्ने वेरुजुको समपरीक्षणको लागि लेखा समितिको दफावार सिफारिस उपर दफावार छलफल सम्वन्धमा।

निर्णय नं. १

कपुरकोट गाउँपालिका गाउँसभाको १८औं अधविशनको मति २०८२/०९/२८ गतेको पहिलो वैठकमा वेरुजु समपरीक्षण सम्वन्धी प्रस्ताव पेश भई थप अध्ययन र सिफारिसको लागि लेखा समितिमा पठाइएकोमा लेखा समितिवाट नियमित गर्नु पर्ने हालसम्म कायम भएको वेरुजुको समपरीक्षणका लागि संकलन गरिएका प्रमाण कागजातहरु अध्ययन गरी दफावार रुपमा सिफारिस सहित प्रतिवेदन तयार गरी यस वैठकमा पेश भएको पाइयो। लेखा समितिको तर्फवाट लेखा समिति संयोजक श्री दिपक पुनद्वारा वेरुजुको दफावार विवरण पेश भई यस सभामा दफावार छलफल हुँदा पेश भए वमोजिम महालेखा परीक्षणवाट नियमित गर्नु पर्ने वेरुजु भनि कायम भएको वेरुजुलाई नियमित गर्न मनासिव देखी गाउँसभाको सर्वसम्मतद्वारा उक्त वेरुजुलाई नियमित गरी समपरीक्षण गराउने निर्णय गरियो। लेखा समितिको तर्फवाट पेश भएको वेरुजु समपरीक्षण सम्वन्धी प्रतिवेदन यसै निर्णयको अभिन्न अंगको रुपमा रहेको छ।

प्रस्ताव नं.३

विभिन्न ऐन र कार्यविधिको मस्यौदा स्वीकृत सम्वन्धमा।

निर्णय नं.१

कपुरकोट गाउँपालिका गाउँसभाको १८औं अधविशनको मति २०८२/०९/२८ गतेको पहिलो वैठकमा सभा सदस्य मित्र कठायतले पेश गर्नु भएको " गाउँसभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि,२०८२", "लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२", " आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०८२ र "वेरुजु फछ्र्यौट सम्वन्धी

कार्यविधि,२०८२" को मस्यौदाको अध्ययन र सिफारिसका लागि विधायन समितिमा पठाइएकोमा विधायन समितिका संयोजक श्री मित्रलाल कठायतवाट प्रस्तुत विधायकका मस्यौदाहरु पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा " गाउँसभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि,२०८२", "लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२", " आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०८२ र "वेरुजु फछ्यौंट सम्वन्धी कार्यविधि,२०८२" यो सभावाट सर्वसम्मतिले पारित भएको निर्णय गरियो।

प्रस्ताव नं.४

कपुरकोट गाउँपालिका आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत योजना नारी विकास सहकारी भवन निर्माण योजना र कपुरकोट वहुमुखी क्याम्पस भवन निर्माण योजना वडा नं.३ को कार्यान्वयन सम्वन्धी विशेष प्रस्ताव पेश गरी पारित गर्ने।

निर्णय नं १

यस सभामा गाउँपालिका उपाध्यक्ष श्री प्रकाश भरारीले पेश गर्नु भएको कपुरकोट गाउँपालिका आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत योजना नारी विकास सहकारी भवन निर्माण योजना र कपुरकोट वहुमुखी क्याम्पस भवन निर्माण योजना वडा नं.३ को कार्यान्वयन सम्वन्धी विशेष प्रस्तावमाथि छलफल गरियो। प्रस्तावमा पेश भएका तथ्य र सोको पुष्ट्याईहरु मनासिव नै देखिएको साथै उक्त योजनाहरुको कार्यान्वयनवाट अधिकाधिक सामाजिक हित हुने देखिएकोले प्रस्तावमा पेश भए बमोजिम कानूनी दायित्व समेत यस सभामा निहित हुने गरी उक्त प्रस्ताव कार्यान्वयनका लागि सर्वसम्मतले निर्णय पारित गरियो। उक्त प्रस्ताव यस निर्णयको अभिन्न अंगको रुपमा रहने छ।